

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज १५ गते शनिबार ❑ 1 Oct. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## मुलुकलाई केन्द्रमा राखेर अघि बढ्नुपर्छ : प्रदेश प्रमुख गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, १४ असोज

गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले सबै राजनैतिक दल दलिय स्वार्थभन्दा मुलुकलाई केन्द्रमा राखेर अघि बढ्नुपर्ने बताउनुभएको छ।

गण्डकी प्रदेशसभा सचिवालयद्वारा पोखरामा शुक्रबार आयोजित शुभकामना आदानप्रदान तथा कदरपत्र वितरण समारोहमा उहाँले प्राप्त उपलब्धीलाई संस्थागत गर्दै मुलुकको विकास र समृद्धिका लागि राजनैतिक दल एक ठाउँमा उभिनुपर्ने आवश्यकता औंल्याउनुभयो। जनताको लामो सङ्घर्ष र बलिदानबाट मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भई तीन तहका सरकार निर्माण भएको स्मरण गराउँदै उहाँले उक्त उपलब्धिलाई टेकेर प्रदेशसभा निर्माण भएको स्पष्ट पार्नुभयो।

जनताले प्रदेश सरकारबाट जुन आशा गरेका थिए त्यो पूरा गर्न सकियो वा सकिएन आत्मसमीक्षा गरेर अघि बढनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "चुनावमा हारजितभन्दा पनि महत्वपूर्ण मुलुक र संविधान हो भन्ने सबैले बुझ्नु अपरिहार्य छ।" गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र पोखरेल नेपालीले शून्य अवस्थाबाट शुरु भएको प्रदेश सरकारले स्थापनाको पाँच वर्षको अवधिमा कानुन निर्माणसँगै विकास निर्माणको जग बसाल्न सफल भएको बताउनुभयो । मुलुकमा भएका परिवर्तनसँगै जनताका इच्छा र आकांक्षा पूरा गर्न नसकिए पनि विकास निर्माणका आधार तयार भएको उल्लेख गर्दै उहाँले कतिपय अधिकार सङ्घले हस्तान्तरण नगर्दा कामले सोचे जस्तो गतिलिन नसकेको बताउनुभयो । विकास निर्माण र समृद्धिको अभियानमा प्रदेशसभामा सबै दलको आपसी सहयोग रहेको बताउँदै उहाँले भन्नुभयो, "निर्वाचनपश्चात बन्ने प्रदेशसभा र सरकारलाई काम गर्ने वातावरण बनेको छ।"



सभामुख नेत्रनाथ अधिकारीले प्रदेशसभाबाट पाँच वर्षको अवधिमा ५९ कानुन निर्माण गरी कार्यान्वयको चरणमा रहेको जानकारी दिनुभयो । प्रदेशका संस्थापक मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङले विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणमा प्रदेश सरकारले महत्वपूर्ण भूमिका निर्वाह गरेर औचित्य पुष्टि गरेको बताउनुभयो । प्रदेश सरकारले शिक्षा, स्वास्थ्य, पर्यटनलगायत क्षेत्रसहित उज्यालो प्रदेश, एकघर एक धाराजस्ता जनतासँग जोडिएका कार्यक्रम सञ्चालन गरेर मुलुकमा अब्बल प्रदेश बनेको बताउँदै उहाँले निर्माण भएका कानुनको कार्यान्वयन तथा समृद्धिका आधारको निरन्तरतामा जोड दिनुभयो। कार्यक्रममा पाँच वर्षे सफल कार्यकाल पूरा गर्न सफल गण्डकी प्रदेशसभाका सम्पूर्ण सदस्यलाई कदरपत्र वितरण गर्नुभएको थियो।

## पेट्रोलियम पदार्थको खपत ७५ प्रतिशतले बढ्यो

रासस
काठमाडौं, १४ असोज

दसैं नजिकिएसँगै मुलुकभर पेट्रोलियम पदार्थको खपत ह्वात्तै बढेको छ । विगतको तुलनामा दसैं सुरु भएसँगै डिजेल र पेट्रोलको खपत ७५ प्रतिशतले बढेको नेपाल आयल निगमले जनाएको छ।

साविक २२ लाख लिटर पेट्रोल खपत हुने गरेको थियो । हिजोआज पेट्रोलको खपत दैनिक ३५ लाख लिटर पुगेको निगमले जनाएको छ । डिजेल दैनिक ५५ लाख लिटर खपत भइरहेको निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिनुभयो । साविकमा दैनिक औसत ३५ लाख डिजेल खपत हुँदै आएको थियो। दसैं मनाउन सर्वसाधारण उपत्यका बाहिरिन थालेसँगै काठमाडौंका केही पेट्रोल पम्पमा इन्धन भर्नेको लामो लाइन लागेको छ । आजदेखि सरकारी तथा निजी कार्यालय दसैं बिदासम्म बन्द भएका छन् । कार्यालय बिदा भएसँगै उपत्यकाबाट बाहिरिनेको चाप बढेको छ। दसैंका बेला सार्वजनिक बिदा भए पनि डिपो खुला रहने निगमका प्रवक्ता उपाध्यायले जानकारी दिनुभयो । चाडपर्वका अवधिमा देशैभरि पेट्रोलियम पदार्थको सहजरुपमा बिक्री वितरणको व्यवस्था मिलाउन निगमका डिपो स्थानीय आवश्यकताका आधारमा खुला रहने व्यवस्था मिलाइएको उहाँको भनाइ छ । "देशभर पेट्रोलियम पदार्थको सहज आपूर्ति भइरहेको छ", उहाँले भन्नुभयो, "आवश्यकताअनुसार देशभरका डिपो खुल्नेछन् ।" दशैं बिदाका दिन विराटनगरस्थित १ नं प्रादेशिक कार्यालय, अमलेखगञ्जस्थित मधेस प्रादेशिक कार्यालय, थानकोटस्थित बागमती प्रादेशिक कार्यालय, पोखरास्थित गण्डकी प्रादेशिक कार्यालय, भैरहवास्थित लुम्बिनी प्रादेशिक कार्यालय, सुर्खेतस्थित कर्णाली प्रादेशिक कार्यालय र धनगढीस्थित सुदूरपश्चिम प्रादेशिक कार्यालय आवश्यकताअनुसार खुल्ने निगमले जनाएको छ।

यस्तै निगमको झापाको चारआलीस्थित शाखा कार्यालय धनुषास्थित इन्धन बिक्री डिपो, वीरगञ्जस्थित शाखा कार्यालय, दाङस्थित इन्धन डिपो र दिपायलस्थित शाखा कार्यालय बिदाका दिन पनि आवश्यकताअनुसार खुल्नेछन्।

## यतीको नयाँ विमानबाट व्यावसायिक उडान सुरु

रासस
काठमाडौं, १४ असोज

निजी क्षेत्रको अग्रणी हवाई संस्था यती एअरलाइन्सको नयाँ विमानले व्यावसायिक उडान सुरु गरेको छ। गत भदौ २० गते छैटौं एटिआर ७२-५०० विमान थप गरेको यतीले आजदेखि व्यावसयिक उडान सुरु गरेको हो।

नयाँ थपिएको विमानले आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी नेपाल नागरिक उड्डयन प्राधिकरणबाट उडान अनुमति लिएर आज बिहान ८.२० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विराटनगरका लागि उडान भर्ने तालिका रहेको एअरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले जानकारी दिनुभयो।

सो विमानलाई प्राधिकरणले नाइनएन-एएमजेट कल साइन दिएको छ। सत्तरी सिट क्षमताको उक्त विमान अष्ट्रेलियन कम्पनीसँग लिजमा ल्याएको हो । एमएसएन नं ९८६ भएको उक्त विमानको जम्मा आठ हजार दुई सय ७३ साइकल र १० हजार दुई सय ९१ घण्टा मात्र उडान भरेको प्रवक्ता बर्तौलाले जानकारी दिनुभयो । एटिआर कम्पनीले उत्पादन गरेको ७२-५०० सिरिजको विमानमा यो सबैभन्दा पछिल्लो उत्पादन हो। कम्पनीले यो विमानपश्चात् थप एउटा मात्र विमान उत्पादन गरेर सो सिरिजको उत्पादन नै बन्द गरि ७२-६०० सिरिजका विमानहरुको उत्पादन सुरु गरेको हो। नेपालमा ट्रङ्क रुटमा उडान गर्ने अन्य विमानभन्दा यो नै पछिल्लो र कम उडान भरेको विमान हो । विमानको आयु यसको साइकल र उडान घण्टामा आधारित हुन्छ । एटिआर विमानको साइकल ७० हजारभन्दा बढी हुन्छ । एक उडानलाई एक साइकल गणना गरिन्छ । "नेपालीको महान् पर्व वडादसैंको शुभसाइत पारेर हामीले उडान सुरु गरेका छौं, यसले दसैंको बेला हुने उडान


बाँकी अन्तिम पृष्ठमा ▶▶


## व्यवसाय धान्ने चिन्ता

पोखरापत्र संवाददाता
पोखरा, १४ असोज

लेखनाथ उद्योग वाणिज्य सङ्घद्वारा शुक्रबार आयोजित व्यवसायी र बैंकर्स बीचको छलफल तथा शुभकानमना आदानप्रदान कार्यक्रममा अर्थतन्त्रमा देखिएको समस्याका कारण व्यवसाय धान्ने चिन्ता बढ्दै गएकोमा जोड दिइएको छ।

कोरोनालगायत कारणबाट समस्यामा परेका व्यवसायीलाई चर्को ब्याजदर वृद्धिले थप आक्रान्त बनाएको उल्लेख गर्दै वक्ताले जसका कारण लगानी थप्ने भन्दा पनि व्यवसाय नै कसरी धान्ने भन्ने चिन्ता थपिएको बताउनुभयो । नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य तथा लेखनाथ उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष बाबुराम गिरीले अर्थतन्त्रमा देखिएको विषम परि स्थितिलाई समयमा नै निराकरण नगर्ने हो भने थप समस्या बढ्ने बताउनुभयो। समस्याको समाधान गर्न सम्बद्ध निकायले तत्कालै पहल गर्नुपर्नेमा जोड दिँदै उहाँले यसका लागि साझा अवधारणाको खाँचो औंल्याउनुभयो।

लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष छत्रधर आत्रेयले व्यवसायीमा लगानी गर्ने अवस्था नभएको बताउनुभयो। उहाँले व्यवसायलाई कसरी जोगाउने भन्ने मात्र चिन्ता बढेको बताउनुभयो । समस्याको समाधानका लागि राष्ट्र बैंकले सही नीति र कार्ययोजना ल्याउनुपर्ने उहाँले सुझाव दिनुभयो।

सङ्घका महासचिव उपेन्द्रराज सुवेदी (राजु), वरिष्ठ उपाध्यक्ष विनोद श्रेष्ठलगायतले ब्याजदर वृद्धिलगायतका समस्या समाधान नगरेमा व्यवसाय नै धरासायी बन्ने अवस्था आएको बताउँदै यसतर्फ सम्बद्ध निकाय गम्भीर बन्नुपर्नेमा जोड दिनुभयो। नेपाल राष्ट्र बैंक पोखराका शाखा प्रमुख रामशरण खरेलले चाँडै नै अर्थतन्त्रमा सुधार आउने विश्वास व्यक्त गर्नुभयो । वर्तमानमा अर्थतन्त्रमा देखिएका समस्याका कारण व्यवसायीमा केही अप्ठ्यारो अवस्था आए पनि यसको सही निकासका लागि राष्ट्र बैंक चिन्तनशील भएको उहाँको भनाइ थियो।

कोभिडका कारण विश्व अर्थतन्त्रमा नकारात्मक असर परेको यथार्थतासँगै व्यवसायीबाट उठेका कुराले सकारात्मक सन्देश दिने उहाँले बताउनुभयो। सरकारले ल्याएको मौद्रिक नीतिदेखि विप्रेषणमा देखिएको सुधार र पर्यटकको वृद्धिले यसलाई सहज तुल्याउने बताउँदै उहाँले राष्ट्र बैंकले पनि बैंकलाई उत्पादनशील क्षेत्रमा लगानी बढाउन प्रेरित गरेको उल्लेख गर्नुभयो। नेपाल बैंकर्स एशोसिएशनका गण्डकी प्रदेश अध्यक्ष सविन केसीले बैंकमा देखिएको अस्वस्थ ब्याजको प्रतिस्पर्धा र लगानीका सम्भावनाको खोजी नगर्दा अर्थतन्त्रमा कमजोर अवस्था आएकाले यसको निराकरणका लागि राष्ट्र बैंकले अहम् भूमिका निभाउनुपर्ने बताउनुभयो।

ग्रीन डेभलमेण्ट बैंकका निमित्त कार्यकारी निर्देशक हरि बुढाथोकीले लगानीमैत्री वातावरण सिर्जना गरी उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रेरित गर्ने हो भने दुई चार महिनामा नै अर्थतन्त्रमा सुधारका लक्षण देखिने धारणा राख्नुभयो।

## दसैं बिदामा आयल निगमका पेट्रोल पम्पहरु खुला हुने

रासस
काठमाडौं, १४ असोज

नेपाल आयल निगमले दसैं बिदाका समयमा आफ्ना सबै पेट्रोल पम्पहरु खुला रहने जनाएको छ।

निगमले एक सूचना प्रकाशित गरी दसैंका समयमा पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि दसैंको बिदामा १३ वटा डिपोहरुसमेत खुला राख्ने जनाएको छ । दसैंमा सार्वजनिक बिदा हुने र सार्वजनिक यातायातको चाप बढ्ने भएकाले पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि पम्पहरु खुला राख्ने निगमले निर्णय गरेको निगमका निर्देशक वीरेन्द्र गोइतले जानकारी दिनुभयो। उहाँका अनुसार प्रदेश १ को विराटनगर र मधेस प्रदेशको अमलेखगञ्जमा असोज १६, २९ र २१ गते डिपो खुला हुने छ भने वाग्मती प्रदेशको थानकोट र गण्डकीको पोखरामा असोज १५, १६, १८ र २१ गते खुला रहनेछन् । यसैगरी लुम्बिनी प्रदेशको भैरहवामा असोज १५, १६, १७, २१ र २२ गते र कर्णाली प्रदेशको सुर्खेतमा असोज १६ र २१ गते डिपोहरु खुला हुनेछन्।


बाँकी अन्तिम पृष्ठमा ▶▶



विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

◆ विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा विज्ञापनदाताको नाम, ठेगाना र आधिकारिकता सुनिश्चित गरौं।
◆ अनधिकृत विज्ञापन प्रकाशन तथा प्रसारण नगरौं।
◆ विज्ञापन प्राप्त गर्न अनुचित दवाव र प्रभाव नपारौं।
◆ निर्धारित समय र स्थानमै विज्ञापन प्रकाशन तथा प्रसारण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# युनाईटेड क्लवद्धारा सल्लाहकार चयनसंगै विभिन्न उपसमितिहरु गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असोज**

युनाईटेड क्लवको नया कार्यसमितिको पहिलो बैठकले क्लवको सल्लाहकार चयन गर्दै विभिन्न उपसमितिहरु गठन गरेको छ।

क्लवको हालै सम्पन्न १३ औ साधारण सभा तथा छैठौ अधिवेशनबाट राजु श्रेष्ठको अध्यक्षतामा निर्माण भएको नया कार्यसमितिको पहिलो बैठकले सल्लाहकार चयन संगै विभिन्न उपसमितिहरु गठन गरेको हो। बैठकले क्लवका निवर्तमान अध्यक्ष लालकाजी गुरुङ, संस्थापक अध्यक्ष हिमालय बख्रेल, पूर्व अध्यक्ष सुक बहादुर गुरुङ, शुशिलराज पराजुली, क्याप्टेन फत्ते बहादुर गुरुङ, पवित्रा देवी गुरुङ, लिलाधर अधिकारी, रमेश बहादुर कार्की, गोविन्द घिमिरे र श्यामकृष्ण श्रेष्ठलाई सल्लाहकारमा चयन गरेको हो।

त्यसैगरी बैठकले विभिन्न उपसमितिहरु गठन गरेको छ। जस अन्तर्गत पर्यटन प्रवर्द्धन उपसमिति संयोजकमा निवर्तमान अध्यक्ष लालकाजी गुरुङ, भौतिक निर्माण उपसमिति संयोजकमा संस्थापक अध्यक्ष हिमालय बख्रेल, सेतीनदी संरक्षण उपसमिति संयोजकमा पूर्व अध्यक्ष सुक बहादुर गुरुङ, विपद ब्यवस्थापन उपसमिति संयोजकमा वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापा, शिक्षा उपसमिति संयोजकमा प्रथम उपाध्यक्ष गणेश तिमिल्सिना, संघ संस्था समन्वय उपसमिति संयोजकमा द्धितिय उपाध्यक्ष शान्त बहादुर थापा, खेलकुद उपसमिति संयोजकमा कार्यसमिति सदस्य सन्तोषकार्की,स्वास्थ्यउपसमिति संयोजकमा कार्यसमिति सदस्य जयराम आचार्य, युवा उपसमिति संयोजकमा कार्यसमिति सदस्य पूर्ण कुमार श्रेष्ठ र महिला उपसमिति संयोजकमा कार्यसमिति सदस्य दीवानी सुवेदीलाई चयन गरेको छ।

क्लवले नेपालीहरुको महान पर्व बिजया दशमीको अवसरमा पोखराको अमरसिंह मा.वि.को खेल मैदानमा परम्परागत पिंङ राख्ने समेत निर्णय गरेको छ। त्यसैगरी क्लवले दिपावलीको अवसर पारी विपद ब्यवस्थापन कोषको सहयोगार्थ देउसीभैलो कार्यक्रम २०७९ को आयोजना गर्न क्लवका सदस्य शिव थापाको संयोजकत्वमा सदस्यहरु चयन गरिएको क्लवका महासचिव दिनेश सुनारले जानकारी दिए।

# पोखरामा बजाज पल्सर एन १६०

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असोज**



पोखरामा बिहिबारबाट बजाज पल्सर एन १६०, डोमिनार ४०० सि सि र पल्सर एन २५० लन्च भएको छ।

पोखराको आधिकारिक बिक्रेता इच्छाशक्ति अटोमोबाइल्स प्रा. लि. ले ग्राहक बुद्धि प्रसाद गुरुङ्ग, अनुप थापा र दिपक थापाबाट लञ्च गरिएको संस्थाका डाइरेक्टर आघोष बुद्धाचार्यले बताए। पल्सर १६० को मूल्य ३,७९,९०० रुपैया र डोमिनार ४०० सि सि को मूल्य ६,२४,९०० रुपैया र पल्सर एन २५० को मूल्य ४,८९,९०० रुपैया रहेको छ। पल्सर एन १६०, डोमिनार ४०० सि सि र पल्सर एन २५० का मो.सा. हरुमा नयाँ प्रविधि र नयाँ ग्राफिक डिजाइन गरेर गत वर्ष भारतीय बजारमा सार्वजनिक गरिएको थियो। नेपालीहरुको महान चाड विजया दशमीको अवसर पारी नेपालको आधिकारिक बिक्रेता हंसराज हुलासचन्द क. प्रा. लि. बाट पल्सर एन १६० डोमिनार ४०० सि सि र पल्सर एन २५० सार्वजनिक गरिएको छ।

नेपालका सम्पूर्ण डिलरहरुमा यी तिन नयाँ मोडलहरु विजया दशमीको विशेष अफर अन्तर्गत खरिद तथा बुकिङ्ग गर्न सकिने छ।

# नवौ राष्ट्रिय खेलकुद तनहुँमा पनि हुने भयो खेलकुद प्रतियोगिता

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असोज**

नवौ रीष्ट्रिय खेलकुद प्रतियोगिताको महिला बास्केटबल तनहुँमा हुने भएको छ।

केहि दिन अघि राष्ट्रिय खेलकुद परिषदले पोखरामा पत्रकार सम्मेलन गरि सार्वजनिक गरेको खेल स्थल तालिकामा तनहुँ जिल्ला अटेको थिएन।

पूर्व प्रदेश मन्त्रीद्धय किरण गुरुङ,हरि बहादुर चुमान,व्यासनगरपालिकाका मेयर बैकुण्ठ न्यौपाने,खेल पत्रकार र खेल संघका पदाधिकारीले तनहुँ जिल्लामा नवौ राष्ट्रिय प्रतियोगिताका केहि खेल आफ्नो जिल्लामा हुन पर्ने अडान राखे पछि अन्तत : नवौ राष्ट्रिय प्रतियोगिताको ३६ खेल मध्य महिला बास्केटबल तनहुँको दमौलीमा हुने भएको हो। तनहुँबाट दबाब आए पछि राष्ट्रिय खेलकुद परिषदका सदस्य एवं नवौ राष्ट्रिय खेलकुद प्रतियोगिता खेल स्थल व्यवस्थापन उपसमिति संयोजक राजेश गुरुङले असोज ३ गते तनहुँको दमौली पुगेर त्यहाँका खेल स्थल अवलोकन गरेको थिए। खेल स्थल अवलोकन पश्चात गुरुङले स्थानिय प्रशासनको साथ पाए



निर्मल माविको खेल मैदानमा महिला बास्केटबल हुने संकेत गरेका थिए।

शुक्रबार उनले तनहुँ पुगरे खेल स्थलको अवलोकन गरे पछि महिला बास्केटबल तनहुँ जिल्लाको सदरमुकाम दमौली अवस्थित निर्मल माविमा हुने उद्धघोष गरेका हुन।

नवौ राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तरगतको महिला बास्केटबल प्रतियोगिता हुने भनिएको निर्मल माविको बास्केटबल कोर्ट करिब ३ बर्ष अघि राष्ट्रिय खेलकुद परिषदको ४० लाख लगानीमा स्थापना भएको तनहुँ जिल्ला खेलकुद विकास समितिका प्रमुख शिव हरि पंण्डितले बताए।

तनहुँ जिल्ला खेलकुद प्रतियोगिता गर्न सक्षम छ : व्यासनगरपालिका प्रमुख बैकुण्ठ न्यौपाने "नवौ राष्ट्रिय खेलकुद प्रतियोगिताको बारे खेल संघ संग क्मुनिकेशन ग्याप भयो,खेलस्थल तालिकामा तनहुँ जिल्लाको नाम नदेखे पछि हामी तातिएका हौ। राष्ट्रिय खेलकुद परिषदका पदाधिकारीहरु संग कुरा गऱ्यौ र खेल मैदानको देखायौ उनीहरुलाई हामी राष्ट्रिय प्रतियोगिताको लागि आवश्यक सबै व्यवस्थापन गर्न सक्छौ भन्ने प्रतिबद्धता जनाईसकेर काम शुरु गरे पछि नवौ राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तरगतको महिला बास्केटबल तनहुँमा गर्ने पक्का भएको छ।"मेयर न्यौपानेले भने।

तनहुँ जिल्लामा आयोजना हुने महिला बास्केटबल प्रतियोगिता सफल बनाउनको लागि व्यासनगरपालिका लगायत अन्य स्थानिय निकायले पनि सहयोग गरेको छ। जसमा व्यासनगरपालिकाले ७ लाख ३० हजार,शुक्लागण्डकी नगरपालिका,भानु नगरपालिका र भिमाद नगरपालिकाले १/१ लाख सहयोग गरेको छ।

त्यस्तै घिरिङ गाउँपालिका,रिसिङ गाउँपालिका,म्याग्दे गाउँपालिका,बन्दिपुर गाउँपालिका,आबुखैरेनी गाउँपालिका र देवघाट गाउँपालिकागरि ६ गाउँपालिकाले ५०/५० हजार सहयोग गरेको व्यासनगरपालिकाका मेयर बैकुण्ठ न्यौपानेले बताए।

'सात लाख ३० हजार चानचुनमा खेल मैदान बिस्तारको लागि व्यासनगरपालिकाले खर्च गर्ने छ, ठेकेदारले दिन रात गरेर भए पनि खेल मैदान समयमा तयार गर्ने बताएको छ।' त्यसको लागि काम धेरै अघि बढेकोले अब खेल हुन्न कि भन्ने शंका नगर्न मेयर न्यौपानेले खेलप्रेमी र खेलाडीहरुलाई आग्रह समेत गरे। उनले भने तनहुँ जिल्ला राष्ट्रिय खेलकुद प्रतियोगिता गर्न सक्षम छ।'

# महिला क्रिकेट खेलको तालिका सार्वजनिक

**रासस**
**काठमाडौं, १४ असोज**

राष्ट्रिय खेलकुद परिषद्ले यसै महिना गण्डकी प्रदेशमा आयोजना हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत महिला क्रिकेटको खेल तालिका शुक्रबार सार्वजनिक गरेको छ।

पोखरा क्रिकेट रङ्गशालामा आयोजना हुने महिला क्रिकेट असोज २३ गतेदेखि कात्तिक १ कात्तिकसम्म हुनेछ। महिला क्रिकेटमा विभिन्न नौ टोलीको सहभागिता रहेको छ। सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ।

समूह 'ए' मा एपिएफ क्लब, मधेस प्रदेश, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश र बागमती प्रदेश रहेका छन्। त्यसैगरी समूह 'बी' मा नेपाल पुलिस क्लब, कर्णाली प्रदेश, प्रदेश-१ र लुम्बिनी प्रदेश छन्। प्रतियोगिताको उद्घाटन खेलमा गण्डकी प्रदेश र मधेस प्रदेशबीच प्रतिस्पर्धा हुनेछ भने सोही दिन हुने दोस्रो खेलमा सुदूरपश्चिम प्रदेश र बागमती प्रदेशबीच खेल हुनेछ।

समूहको शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउने छन्। नवौं राष्ट्रिय खेलकुद औपचारिकरुपमा असोज २८ देखि कात्तिक ३ सम्म आयोजना हुनेछ। उक्त प्रतियोगिताअनन्तर्गत पुरुष क्रिकेट भने यसअघि नै आयोजना भइसकेको छ।






नेपालीहरुको महान पर्व
वडा दशैं
शुभ दीपावली
तथा
नेपाल सम्बत ११४३
एवम् छठ पर्व
२०७९ को पावन अवसरमा यहाँहरू सबैको
उत्तरोत्तर प्रगति, सुस्वास्थ्य र शान्तिको हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

सम्मर बहादुर श्रेष्ठ
अध्यक्ष एवं
विपी मार्ग टोल विकास संस्था परिवार
पोखरा महानगरपालिका वडा नं १३, कास्की


## यतीको...

चापलाई कम गर्न र समयमै उडान भर्न सहयोग पुग्ने विश्वास हामीले लिएका छौं", प्रवक्ता बर्तौलाले भन्नुभयो। उत्कृष्ट इन्टेरियर, लग्जरी सिटको साथै वातानुकुलित उक्त विमानको यात्रा अझ बढी आरामदायी हुने यती एअरलाइन्सले जनाएको छ। सो एअरलाइन्सले हाल नेपालको सुगम गन्तव्य काठमाडौं चन्द्रगढी, विराटनगर, जनकपुर, सिमरा, पोखरा, भैरहवा, नेपालगन्जलगायत पर्वतीय उडानमा आफ्नो सेवा दिँदै आएको छ भने अन्तरास्ट्रियतर्फ चार्टर र नन सेड्युल उडान गर्दै आएको छ।

## दसैं...

उता सुदूरपश्चिम प्रदेशको धनगढीमा असोज १६, १७ र २१ गते तथा शाखा कार्यालय चारआलीमा १६ र २१ गते डिपोहरु बिदाको दिनमा खुला रहनेछन्। यसैगरी नेपालगञ्ज, धनुषा, वीरगञ्ज, दाङ र दिपायलमा रहेको निगमका डिपोहरु पनि २१ गतेसम्म खुला हुने बताइएको छ।

बजारमा पेट्रोलियम पदार्थको अभाव हुन नदिन सार्वजनिक बिदामा पम्पहरु २४ घन्टा खुल्ला हुने र त्यसका लागि १३ वटा डिपोहरु विभिन्न बिदाको दिनमा खुल्ला राखिने निगमले जनाएको छ। निगमका अनुसार हाल दैनिक रुपमा पेट्रोल तीन हजार पाँच सय किलोलिटर र डिजल पाँच हजार ६ सय किलोलिटर खपत भइरहेको छ।


प्यारालाइसिसका
बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# दसैँका लागि तनहुँमा साढे दुई करोडको खसीबोका बिक्री

**पोखरापत्र संवाददाता**
**तनहुँ, १४ असोज**

तनहुँको घिरिङ गाउँपालिकास्थित घिरिङ सुन्धारा सामाजिक उद्यमी महिला सहकारीमा आबद्ध धना थापाले यो दसैँमा मात्र खसी बेचेर एक लाखभन्दा आम्दानी गर्नुभयो । उहाँले दसैँका लागि चारवटा खसी बिक्री गर्नुभएको थियो ।

बाख्रापालन मुख्य पेसा अङ्गाल्नुभएकी उहाँले बाख्रापालनबाट मनग्य आम्दानी गर्दै आउनुभएको छ । "खसी बेचेर दसैं मनाउने तयारीमा छु," उहाँले भन्नुभयो । भगवतीपुर सामाजिक उद्यमी महिला सहकारी संस्थामा आबद्ध कमला आलेले पनि दसैँका बेला एक लाखभन्दा बढीको खसी बिक्री गर्नुभयो । गाउँबाटै खसी बिक्री हुँदा बजार खोज्दै हिँड्नुनपरेको उहाँले सुनाउनुभयो । भिमादस्थित अतिप्रिय सामाजिक उद्यमी महिला सहकारीमा आबद्ध श्रीमाया आले वार्षिक रुपमा रु १० लाखभन्दा बढीको खसीबोका बिक्री गर्नुहुन्छ । यी त केही उदाहरण मात्र हुन् । यस वर्षको दसैँमा खसीबोका बिक्री गरेर तनहुँका महिलाहरुले रु साढे दुई करोडभन्दा बढी आम्दानी गरेका छन् । तनहुँमा महिलाले मात्र सञ्चालन गरेका सहकारीमार्फत यस वर्षको दसैँमा रु दुई करोड ५३ लाख २० हजार तीन सय २७ बराबरको खसीबोका बिक्री भएको छ ।

गत भदौ २७ देखि असोज ९ गतेसम्मको अवधिमा यहाँका १० सहकारीमार्फत खसीबोका बिक्री भएको हो । सहकारीले नै बजारीकरण गरिदिएपछि बाख्रापालक कृषकलाई सहज भएको छ । खसीबोका किन्न व्यापारी गाउँसम्मै पुग्ने गरेका थिए ।

हेफर नेपालको साझेदारीमा नेपाल एकीकृत ग्रामीण विकास केन्द्र तनहुँले सञ्चालन गरेको 'पशुवस्तुको मूल्यशृङ्खलामा आधारित साना किसानको सस्था सबलीकरण परियोजना' अन्तर्गत १० सहकारीले कृषकले पालेका खसीबोका बिक्रीका लागि बजारीकरण गर्दै आएको हेफर इन्टरनेशनल नेपालका कार्यक्रम अधिकृत सन्त भट्टराईले जानकारी दिनुभयो ।

यसअवधिमा तीन चरणमा गरी खसीबोका बिक्री भएको छ । भदौ २७ गते रु एक करोड १८ लाख ९० हजार तीन सय २६, भदौ २७ देखि असोज २ गतेसम्म ६१ लाख ७१ हजार एक सय २८ र असोज ३ देखि ९ गतेसम्म रु ७२ लाख ५८ हजार आठ सय ७३ बराबरको खसीबोका बिक्री भएको छ । घिरिङसुन्धारा सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत रु ३० लाख ५४ हजार दुई सय ७१, भगवतीपुर सामाजिक उद्यमी महिला सहकारीमार्फत रु ४४ लाख ९८ हजार छ सय ५४, माझकोटस्थित माझकोट महिला विकास बहुउद्देश्यीय सहकारी संस्थामार्फत रु ३९ लाख आठ हजार आठ सय २९, अरुणोदय सामाजिक उद्यमी महिला सहकारीमार्फत रु २० लाख १९ हजार सात सय २४ बराबरको खसीबोका बिक्री भएको छ । अतिप्रिय सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत रु २२ लाख ९२ हजार छ सय ७६, दिदीबहिनी कृषि सहकारी संस्थामार्फत रु रु चार लाख दुई हजार ६७, सप्तधारा सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत रु २६ लाख ४० हजार तीन सय ५०, भागिरथी सामाजिक उद्यमी महिला सहकारीमार्फत रु २१ लाख ९१ हजार आठ सय ७५, शुभदीप सामाजिक उद्यमी महिला सहकारीमार्फत रु २३ लाख २५ हजार नौ सय ८३ र आधारशिला सामाजिक उद्यमी महिला सहकारीमार्फत रु १९ लाख ८५ हजार आठ सय ९८ बराबरको खसीबोक्रा बिक्री भएको छ । यस अवधिमा ती सहकारीमार्फत एक हजार सात सय १४ खसी बिक्री भएका छन् । भिमाद नगरपालिका-९ स्थित अतिप्रिय सामाजिक उद्यमी महिला सहकारी संस्थाकी अध्यक्ष देवी मुक्तान आलेले दसैँ तिहारका बेला सहकारीले नै व्यापारी खोजेर खसीबोका बिक्री गर्दै आएको बताउनुभयो । "सहकारीले नै बजारीकरणमा सहयोग गरिदिएपछि कृषकलाई पनि सहज भएको छ," उहाँले भन्नुभयो, "यसले गर्दा कृषकले खसी बिक्री गरेर चाडपर्व मनाउन पाएका छन् ।" घिरिङ गाउँपालिका-२ भोरकोटस्थित घिरिङसुन्धारा सामाजिक उद्यमी महिला सहकारीकी अध्यक्ष शारदा आलेले सहकारीबाटै बजारीकरण गर्दा कृषकलाई बजारको समस्या नहुने बताउनुभयो । भिमाद नगरपालिका-२ स्थित अरुणोदय सामाजिक उद्यमी महिला सहकारीकी अध्यक्ष सीताकुमारी तिमिल्सिनाले खसीबोका बिक्रीका लागि विगत वर्षदेखि नै बजारीकरणमा सहयोग पुर्‍याएको बताउनुभयो । "यसले कृषकलाई खसीबोका बिक्रीका लागि बजार खोज्नु हिँड्नुपरेको छैन, कृषकलाई सहज भएको छ," उहाँले भन्नुभयो । सहकारीले बजारीकरणमा सहयोग पुर्‍याएपछि बाख्रापालक कृषक पनि खुसी भएका छन् । बाख्रापालनबाट घरखर्च चलाउँदै कृषकलाई गाउँघरमै खसी बिक्री गर्ने व्यवस्था भएपछि सहज पनि भएको छ । ती सहकारीमा चार हजार भन्दा वढी शेयर सदस्य आबद्ध छन् । घिरिङसुन्धारा सामाजिक उद्यमी महिला सहकारी संस्थामा छ सय ७०, भगवतीपुर सामाजिक उद्यमी महिला सहकारीमा आठ सय ५९, माझकोट महिला विकास बहुउद्देश्यीय सहकारी संस्थामा छ सय ३५, अरुणोदय सामाजिक उद्यमी महिला सहकारीमा तीन सय ४६ शेयर सदस्य छन् ।

अतिप्रिय सामाजिक उद्यमी महिला सहकारी संस्थामा चार सय २०, दिदीबहिनी कृषि सहकारी संस्थामा एक सय ८४, सप्तधारा सामाजिक उद्यमी महिला सहकारी संस्थामा पाँच सय ३९, भागिरथी सामाजिक उद्यमी महिला सहकारीमा तीन सय ५२, शुभदीप सामाजिक उद्यमी महिला सहकारीमा दुई सय २७ र आधारशिला सामाजिक उद्यमी महिला सहकारीमा चार सय ३० शेयर सदस्य आबद्ध छन् ।

# दसैँलाई सहकारीका खसीबोका

**-तारानाथ आचार्य**
**बागलुङ, १४ असोज (रासस)**

सडकमा हिमालपारिका खसी भरिभराउ छन् । बजारमा हिमालपारिका खसी (च्याङ्ग्रा) किन्ने भीड देखिन्छ । मुस्ताङबाट आएका च्याङ्ग्राको सामान्य मूल्य रु ४५ हजारभन्दा माथि नै छ । मध्यम परिवारले समेत प्रयोग गर्न नसक्ने गरी महँगिएको च्याङ्ग्राको मूल्यले यहाँका कतिपय गाउँसँग भने साइनो राख्दैनन् ।

बागलुङका ग्रामीण क्षेत्रका किसानको सक्रियतामा गठन भएका सहकारी र कृषक समूह आफैँले खसीबोका उत्पादन गर्छन् । समूह र सहकारीका सदस्यलाई चाहिने खसीबोका राखेर बाँकी बिक्री गर्छन् र दसैँ खर्च चलाउँछन् । दसैँलाई लक्षित गरेर समूह तथा सहकारीहरूले स्थानीय जातको बसीबोका खरिद-बिक्री सुरु गरेका छन् ।

चाडपर्वमा हुने मासुको खपतलाई पूर्ति गर्न सहकारीले संस्थामा आवद्ध सेयर सदस्यले उत्पादन गरेका खसीबोका एकीकृत गरी बजारीकरण थालेका हुन् । पशुवस्तुको मूल्य शृङ्खलामा आधारित साना किसानहरूको संस्था सवलीकरण परियोजनाअन्तर्गत गठन भएका सहकारीहरूले हरेक वर्ष दसैं र तिहारलाई लक्षित गरी स्थानीय जातका खसीबोका खरिद बिक्री गर्दै आएको परियोजनाको बजार सहजकर्ता रीतादेवी शर्माले जानकारी दिनुभयो । यो वर्ष बागलुङको काठेखोला गाउँपालिका-४ तंग्रामको वसन्त सामाजिक उद्यमी महिला सहकारीले छ सय पाँच, वसन्त सामाजिक महिला उद्यमी सहकारीले छ सय, जैमिनी नगरपालिका-३ को रुद्रताल सहकारीले सात सय २५, भाग्यदय सहकारीले चार सय ७५, पर्वतको फलेवास नगरपालिका-१० को हराभरा सामाजिक महिला उद्यमी सहकारीले सात सय ५०, महाशिला गाउँपालिका-६ को सक्रिय सामाजिक महिला उद्यमी सहकारीले सात सय १० खसीबोका बिक्री गर्ने लक्ष्य छ ।

पर्वतको महाशिला गाउँपालिका-८ को पैयुकोट सामाजिक उद्यमी महिला सहकारीले आठ सय ८०, फलेवास नगरपालिका-८ को ठानामौला सामाजिक महिला उद्यमी सहकारीले तीन सय ९०, बर पाण्डेथुम सहकारी संस्था कास्कीले तीन सय ५५, मिजुरे सहकारी संस्था कास्कीले आठ सय ४५ वटा खसीबोका बिक्री गर्ने योजना छ । "सेयर सदस्यसँग खसीबोका सङ्कलन गरेर बजार पठाउन थालेका छौँ" वसन्त सामाजिक महिला उद्यमी सहकारी संस्थाका प्रबन्धक हेमा विकले भन्नुभयो, "दसैँको दुई दिनमा ३३५ वटा विक्री गरेका छौँ ।" सहकारीले नै बजारको खोजी गर्ने हुँदा कृषकलाई बजारीकरणको चिन्ता छैन ।

कृषकले पालेका खसीबोका सहकारीको माध्यस्तमार्फत बिक्री हुन थालेपछि बाख्रापालक कृषक उत्साहित छन् । "हामीलाई बजारको चिन्ता छैन", कृषक तंग्रामकी मनकुमारी पुनले भन्नुभयो, "जति भए पनि सहकारीले खरिद गरेर बिक्री गरिदिन्छ ।"

चाडपर्वमा मात्रै होइन अन्य समयमा समेत यहाँका किसानले राम्रो खसीबोका उत्पादन गर्ने गरेका छन् । हिमाली च्याङ्ग्राको मूल्यवृद्धिका कारण स्थानीय जातका खसीबोकाको माग अत्यधिक बढेको किसानहरू बताउँछन् । उत्पादन लागत र बजार मूल्यको हिसाब गर्दा हुने मुनाफाबाट किसान सन्तुष्ट छन् । "पहिले बजार खोज्दै जानुपथ्र्यो, अहिले ग्राहक घर-घरमा आउन थालेका छन्", विकले भन्नुभयो, "हिमाली क्षेत्र र तराई भागबाट आउने खसीबोका कम हुँदा स्थानीय उत्पादनले बजार पाएको छ ।" सहकारीले आफ्ना सदस्यसँग २५ किलोसम्मको खसी रु पाँच सय १० मा खरिद गरी श्र पाँच सय २० मा र २५ किलोमाथिका खसीकोका प्रतिकेजी रु पाँच सय ५० मा खरिद गरी रु पाँच सय ६० मा बिक्री गर्दै आएका छन् । गैरसरकारी संस्था विवाइसी बागलुङले स्थानीय व्यवस्थापनमा सञ्चालित हेफर इन्टरनेशनलको साना किसान सवलीकरण परियोजनाअन्तर्गत गठित तीन जिल्लाका सहकारीमा छ हजार दुई सय ७८ जना सेयर सदस्य आबद्ध छन् ।

# दूध बेचेर किसानले गाउँ भित्र्याए छ करोड

**-खेमराज गौतम**
**बागलुङ, १४ असोज**

बागलुङका किसानले दूध बिक्री गरेर सहरको पैसा गाउँमा भित्र्याउन थालेका छन् । जिल्लाको काठेखोला र बागलुङ नगरपालिकाका किसानले दूध बिक्री गरेको एक वर्षमै रु ६ करोड ११ लाख ६८ हजार तीन सय १६ गाउँमा भित्र्याउन सफल भएका हुन् ।

उत्पादित दूध सहकारीमार्फत प्रशोधनसहित बजारीकरण गरी यहाँका कृषकहरुले मनग्य आम्दानी गर्दै आएका छन् । बागलुङ नगरपलिका र काठेखोला गाउँपालिकाका १४ वटा दूध सहकारीमा आबद्ध किसानले आर्थिक वर्ष २०७८/७९ मा सहकारीमार्फत दूधको सङ्कलन, प्रशोधन र बजारीकरण गर्दा दीर्घकालीन रुपमा नै आम्दानी गर्न सफल भएका हुन् । दूध उत्पादन गर्न सके बजारीकरणको जिम्मा सहकारीले लिने भएकाले आफूजस्ता किसानलाई सहज भएको काठेखोला गाउँपालिका-५ का केशवप्रसाद कँडेलले बताउनुभयो । उहाँ सृजना दुग्ध उत्पादक सहकारी संस्थाका सञ्चालकसमेत हुनुहुन्छ ।

काठेखोला गाउँपालिका-६ स्थित नमूना दूध उत्पादक सहकारी संस्थाका शेयर सदस्यहरुले मात्रै दैनिक तीन सय दूध सहकारी सङ्घलाई बजारमा पठाउने गरेको किसान बालानन्द कँडेलले जानकारी दिनुभयो । "दूध उत्पादन मात्रै गरेर भएन, बिक्रीका लागि बजार टाढा छ, १० लिटर दूध लिएर बजार आउने कुरा भएन सहकारीमार्फत दूध बिक्री गर्दा दूध धेरै टिकाउन सकिने, दूध प्रशोधनपछि बिक्री नभएमा अन्य दुग्धजन्य पदार्थ उत्पादन गर्न सकिने भएकाले हाम्रो दूधको बजार सुनिश्चित भयो", उहाँले भन्नुभयो, "सहकारीले दूधको रकम सहकारीमार्फत भुक्तानी गर्दा सहकारीको कारोबारका आधारमा नाफासमेत आउँछ, किसानलाई दूध ढुवानी र घाँस ढुवानीमा अनुदान आउँछ ।

साथै पशुका लागि प्राविधिक सल्लाह र उपचारसमेत सहकारीमार्फत नै हुँदा सहज भएको छ ।" चौध वटा सहकारीका शेयर सदस्य रहेका किसानले गाउँ-गाउँमा सङ्कलन गरेको दूध एकमुष्ट बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घले सङ्कलन, प्रशोधन तथा बजारीकरण गर्दै आएको छ । बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घले एक आर्थिक वर्षमा मात्रै १४ सहकारीका शेयर सदस्य किसानबाट रु छ करोड बढीको दूध खरिद गरेर बिक्री गरेको सहकारीका अध्यक्ष दीपक गौतमले बताउनुभयो । चौध सहकारीमा आबद्ध करिब एक हजार चार सय किसानले एक वर्षमै रु छ करोडभन्दा बढी रकम आम्दानी गरेका हुन् । "किसानहरुले दूध उत्पादन गर्ने तर बजारको सुनिश्चितता नहुने मुख्य समस्या थियो, दूधलाई तापक्रम मिलाएर राख्नुपर्ने तथा दूध बिग्रेर खेर जाने समस्याका कारण किसानहरुले दूध उत्पादनका लागि ठूलो लगानी गर्न नसकेको अवस्था थियो", अध्यक्ष गौतमले भन्नुभयो, "किसान विचौलियाको मारमा समेत पर्नाले धराशयी बन्ने अवस्था अन्त्य गर्न सहकारीमार्फत दूध सङ्कलन गरी सहकारीले नै घरघरमा दूध पुर्‍याउने कार्य गर्दै आएको छ, अहिले सहकारीले किसानबाट सङ्कलन गरेको तीन हजार लिटर दूध दैनिक बिक्री भइरहेको छ, हामीले थोरै मुनाफा राखेर अरू रकम किसानलाई दिँदा किसानलाई दुग्ध व्यवसायप्रति उत्साह भएको छ ।" गौतमका अनुसार थोरै दूध उत्पादन गर्ने किसानले बजार टाढा भएकाले समस्यामा पर्ने भए पनि थोरै-थोरै दूध सहकारीमा जम्मा गरेर सहकारीमार्फत एकमुष्ट बागलुङ बजारमा ल्याउँदा बजारीकरणमा सहज भएका कारण किसानहरु उत्साहित बनेका हुन् ।

सहकारी २०५७ सालमा स्थापना गर्दा दूध सङ्कलन गरी ल्याउने र बिक्री नभएर नालीमा फाल्ने सहकारी अहिले दूधको ब्रान्ड नै बनाउनाका साथै १९ कर्मचारीलाई प्रत्यक्ष रोजगारीसमेत दिँदै आएको छ । दूधलाई एकत्रित गर्ने ताजा दूध बिक्री गर्ने, बिक्री गरेर बचेको दूधको दूधजन्य पदार्थहरु जस्तै घीउ, नौनी, छुर्पी, लस्सी, पनिर र आइसक्रिम बनाएर बिक्री गर्ने काम गर्दै आएको सहकारी सङ्घका प्रबन्धक वैकुण्ठप्रसाद शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार सहकारीले आर्थिक वर्ष २०७८/७९ मा मात्रै किसानलाई रु छ करोड ११ लाख दूध खरिद बापतको रकम भुक्तानी दिएको र सहकारी सङ्घले समेत रु ७४ लाख खुद बचत गर्न सफल भएको छ । बचत भएको रकमबाट किसानको पशु बीमा गर्ने, दूध तथा घाँस ढुवानी गर्ने तथा पशु प्रवर्द्धनात्मक काममा लगानी गर्ने सहकारी सङ्घले जनाएको छ ।

बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घमा झन्डै एक हजार पाँच सय किसानले धेरै थोरै दूध बजारीकरणका लागि पठाउछन् । सङ्घले दूधसहित नौ प्रकारका दुग्धजन्य परिकार बिक्री तथा वितरणसमेत गर्दै आएको छ । तीमध्ये काठमाडौँमा छुर्पी निर्यात हुँदै आएका दुग्ध सहकारीका प्रबन्धक बैकुण्ठप्रसाद शर्माले जानकारी दिनुभयो । आर्थिक वर्ष २०७८/७९ मा मात्रै रु पाँच लाख बराबरको छुर्पी काठमाडौँ निर्यात गरिएको छ ।

सहकारीले एक वर्षमा ८५ लाखको दही, आठ लाख ७८ हजारको घीउ, सात लाख १८ हजारको पनिरसमेत बिक्री गरेको छ । बागलुङलाई गुणस्तरीय छुर्पी उत्पादन हुने जिल्लाका रुपमा परिचय दिने गरी सहकारीले छुर्पी उत्पादनमा बढी जोड दिन थालेको छ । अहिले छुर्पीलाई सहकारी सङ्घले प्रतिकेजी एक हजार दुई सयमा बिक्री गर्दै आएको छ ।

सहकारीमा आबद्ध किसानहरुले सहकारीमा आबद्ध भएर दूधको बजारीकरण गर्दा दूधको मूल्यमा समानता र बजारको सुनिश्चिता भएको बताए । सहकारीको उपयुक्त मोडेलका रुपमा दुग्ध सहकारी विकास भएको र बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घ देशकै नमूना दुग्ध उत्पादक सहकारी सङ्घका रुपमा स्थापित रहेको राष्ट्रिय सहकारी महासङ्घका सञ्चालक हुमाकुमारी जिसीले बताउनुभयो । कृषक सदस्यले उत्पादन गर्ने, सहकारी संस्थाले सङ्कलन गर्ने र सहकारी सङ्घले दूध तथा प्रशोधन गरी दुग्धजन्य पदार्थ बिक्री वितरण गरेर सहकारीको असल अभ्यास गरेको उहाँको भनाइ थियो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# कोसेली सिगानाका सुन्तला

**पोखरापत्र संवाददाता**
**बागलुङ, १४ असोज**

सुन्तला गाउँका रुपमा रहेको सिगानाका अगुवा कृषक टोपबहादुर खड्काले बेमौसमी सुन्तला उत्पादन गर्नुभएको छ ।

सामान्यतः सुन्तलाको सिजन कात्तिक, मङ्सिरमा भए पनि उहाँले सय बोटमा बेमौसमी सुन्तला फलाउनुभएको छ । खड्काको सुन्तला बैंगचामा विभिन्न प्रजातिका १० देखि २० केजीसम्म सुन्तला एउटै बोटमा फल्ने गरेको छ । बेमौसमी सुन्तलाको बोट भने सानो हुने र छिटो फल्ने गर्दछ ।

बागलुङ नगरपालिका-८ सिगानामा खड्काले परीक्षणस्वरुप लगाएको बेमौसमी सुन्तलाले असोजमै राम्रो फल दिन सुरु गरेपछि अहिले उहाँ उत्साहित बन्नुभएको छ । खड्काले पाँच वर्ष अगाडि मात्रै झण्डै एक सय बेमौसमी जातका सुन्तलाका बिरुवा लगाउनुभएको थियो । दुई वर्षदेखि ३० भन्दा बढी सुन्तलाको बोटमा सुन्तला फल्ने गरेको छ । अहिले पाकेका सुन्तला उन्सु जातका भए पनि एशोधा र पोङ्कान भने एक महिनापछि पाक्नेछन् ।

"दुई वर्ष अघिसम्म उन्सु मात्रै सुन्तला दुई केजी बिक्री गरेको थिए, अहिले यसको उत्पादन बढेको छ, दसैँलाई कोसेलीका रुपमा गाउँमै बिक्रीसमेत भयो अहिले तीन सयभन्दा केजीभन्दा बढी सुन्तला पाक्यो", उहाँले भन्नुभयो, "अब एक-एक महिनाको फरकमा यशोधा र पोङ्कान जातको सुन्तला पाक्नेछन्, सिगानामा बेमौसमी जातको सुन्तला सफल भयो, अब यसको खेती विस्तार हुन्छ यसलाई छोटो समयमा धेरै सुन्तला उत्पादन गर्ने गरी बगैँचा विस्तार गर्न आवश्यक छ ।"

मौसमी जातको एउटा बोट लगाउने जग्गामा बेमौसमीका पाँच वटा बोट हुर्कन्छन् भने छिटो फल लाग्न थाल्दछ । थोरै बिरुवा लगाएरभन्दा ठूलो परिणाममा बिरुवा लगाउन सके राम्रो हुँने भन्दै आफूले उत्पादन गरेको सुन्तला दसैंको कोसेलीका रुपमा गाउँमै खपत हुने खड्काको भनाइ छ । खड्काका बेमौसमी सुन्तलाको सानो रुख भएका कारण एक बोटमा बढीमा एक सय दाना मात्रै लाग्ने बताउनुभयो । बेमौसमी सुन्तलाको प्रतिकिलो रु एक सय ८० मा बिक्री हुने गरेको छ । चार दशकदेखि व्यावसायिक सुन्तलाखेती गर्दै आउनुभएका खड्काले नयाँ जातको सुन्तलाले राम्रै उत्पादन दिन थालेको बताउनुहुन्छ । पाँच वर्ष अघि कृषि अनुसन्धान केन्द्रबाट ल्याइएका करिब एक सय बढी सुन्तलाका बोटमध्ये ५० प्रतिशत बोटमा सुन्तला फलेको छ । उक्त सुन्तलाका बोटले धान्न नसक्दा थाक्रो हाल्ने गरिएको छ ।

कृषिमा नयाँ काम गर्नुपर्छ भन्ने मान्यता राखेर उत्तिकै मेहनत गर्नुहुने खड्काले कीर्तिपुरस्थित कृषि अनुसन्धान केन्द्रबाट विभिन्न जातका सुन्तलाका बिरुवा ल्याएर परीक्षणका लागि लगाउनुभएको थियो ।

नेपालमा अधिकांश कात्तिक मङ्सिरमा पाक्ने सुन्तलाका जातको खेती गरिँदै आएकोमा खड्काले भदौ असोजमै पाक्ने जापानीज जातका सुन्तला लगाउनुभएको हो । व्यावसायिक उत्पादन गर्नसके बेमौसमी सुन्तलाको मूल्य अन्य सुन्तलाको तुलनामा तेब्बर पर्ने खड्काले बताउनुभयो । चालिस वर्षदेखि स्थानीय तथा कात्तिक मङ्सिरमा पाक्ने सुन्तलाको खेती गर्दै आउनुभएका उहाँले हालसम्म १४ प्रजातिका सुन्तलाका बिरुवा लगाउनुभएको छ । उहाँसँग झण्डै १० रोपनी जग्गामा मौसमी सुन्तला खेती रहेको छ । उहाँले मौसमी र बैमौसमी सुन्तला उत्पादनसँगै किबी, अलैँची, तरकारीको समेत खेती गर्दै आउनुभएको छ ।

# किसानलाई प्राङ्गारिक मल बनाउन तालिम

**पोखरापत्र संवाददाता**
**गोरखा, १४ असोज**

गोरखाको शहीद लखन गाउँपालिकाले पालिकाभित्रका अगुवा किसानलाई प्राङ्गारिक मल बनाउने तालिम प्रदान गरेको छ ।

गाउँपालिकाको अर्गानिक उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत पालिकाभित्रका ७१ अगुवा किसानलाई तालिम दिएको गाउँपालिका अध्यक्ष रमेशबाबु थापामगरले जानकारी दिनुभयो । "रासायनिक मलको प्रयोगबिना गाउँमा खेतीपाती नै नहुने जस्तो अवस्था भइसक्यो", उहाँले भन्नुभयो, "स्थानीय सरकारले अब किसानलाई प्राङ्गारिक मलको प्रयोग गर्न प्रेरित गर्नुपर्छ भन्ने उद्देश्य तालिम सञ्चालन गरिएको हो ।" तालिम तथा अभिमुखीकरण कार्यक्रममा पालिकाभित्रका नौवटै वडाका अगुवा किसानको समेटिएको उहाँले बताउनुभयो । रासायनिक मलको प्रयोग बढ्दै जाँदा माटो पनि बिग्रँदै जाने र उत्पादनसमेत विस्तारै घट्दै जाने अवस्था आएको भन्दै गाउँपालिकाले कृषकलाई प्राङ्गारिक मलको प्रयोगमा जोड दिन तालिम सञ्चालन गरेको गाउँपालिका अध्यक्ष थापामगरले बताउनुभयो ।

# बाख्रापालनबाटै आत्मसन्तुष्टि

-कृष्ण न्यौपाने

दमौली, १४ असोज

तनहुँको ऋषिङ गाउँपालिका-१ बाफल निवासी सोमबहादुर आलेमगर १४ वर्ष विदेश बस्नुभयो। साउदीमा बस्दा उहाँको काम भेडाबाख्रा चराउने थियो। परदेशमा पसिना र परिश्रम बगाएको १४ वर्षपछि उहाँ घर फर्किनुभयो २०५८ सालमा।

घर फर्किएपछि अब विदेश नजाने सोच उहाँमा पलायो। विदेशमा बगाउने जति पसिना नेपालमै बगाउन सकिए आम्दानी गर्न सकिन्छ भन्ने ध्येयका साथ उहाँले विसं २०६२ बाट बाख्रापालन सुरु गर्नुभयो। "सुरुमा के गर्ने भन्ने लागिरहेको थियो, पछि पशुपालन गर्छु भन्ने सोच आयो, परिवारसँग पनि सल्लाह गरेर बाख्रापालन सुरु गरेँ", आले भन्नुहुन्छ, "सुरुआती चरणमा थोरै बाख्रा पालेर व्यवसायलाई अगाडि बढाएँ।" विसं २०७२ मा भने फार्म नै दर्ता गरी व्यावसायिक रुपमा बाख्रापालन गरिरहेको आले बताउनुहुन्छ।

परिवारसँगै बसेर घरमै व्यवसाय गर्दा आत्मसन्तुष्टि मिलेको उहाँ बताउनुहुन्छ। "अर्काको देशमा घरपरिवार छाडेर बस्दा मन कत्ति पनि रमाउँथेन, अहिले परिवारसँगै बसेर बाख्रापालन गर्दा सन्तुष्टि मिलेको छ।" विदेशमा भेडाबाख्रा चराउने काम गरेको अनुभव आलेलाई स्वदेशमा फाइदा भएको छ।

आलेलाई जेठो छोरा र श्रीमतीले बाख्रापालनमा सघाइरहनुभएको छ। "श्रीमती र छोराको सहयोगले पनि बाख्रापालन व्यवसाय अगाडि बढाउन मद्दत मिलेको छ", उहाँले भन्नुभयो। विदेशमा गएर दुःख गर्नुभन्दा स्वदेशमै बसेर केही न केही काम गर्न सके आनन्द आउने उहाँले सुझाव दिनुभयो।

आलेको बाख्राफार्ममा अहिले ८० भन्दा बढी बाख्रा छन्। बाख्रा बेचेर वार्षिक रु चार/पाँच लाख आम्दानी हुने गरेको छ। बाख्रा बिक्रीका लागि कुनै समस्या छैन। बाख्रा खरिदका लागि व्यापारी घरसम्मै आउने गरेका छन्।

सोही ठाउँका रुपबहादुर थापा पनि बाख्रापालनमा आबद्ध हुनुहुन्छ। उहाँले ५० भन्दा बढी बाख्रापालन गरिरहनुभएको छ। "बाख्रापालन नै आम्दानीको मुख्य स्रोत हो, बाख्रा पालेरै घर खर्च चलाउँदै आएको छु", उहाँ भन्नुहुन्छ, "आफूले जे गरेको छु त्यसमै सन्तुष्टि हुनुपर्छ।"

यही ठाउँकै आइतसिंह आले, सन्तबहादुर आलेलगायत २१ घरधुरी बाख्रापालनमा आबद्ध छन्। सबैले १५/२० वटा बाख्रापालन गरिरहनुभएको छ। यहाँका स्थानीयवासीको घरमा बाख्रा नहुने कुनै घर छैन। यहाँका स्थानीयवासीले यस वर्षको दसैंका लागि रु सात लाख बराबरको खसीबोका बिक्री गरेका छन्। कृषकले पालेका ३० वटा बाख्रा एकैचोटि बिक्री गरिएको छ। प्रतिकिलो रु पाँच सय ८० का दरले बाख्रा बिक्री गरिएको छ।

भीमाद नगरपालिका-९ पाथर्दीका शिवकुमार आले २०६८ सालदेखि बाख्रापालनमा आबद्ध हुनुहुन्छ। उहाँको बाख्रा फार्ममा अहिले ६० भन्दा बढी बाख्रा छन्। आलेले बाख्रापालनबाट वार्षिक रु आठ/नौ लाख आम्दानी गर्नुहुन्छ। आत्मविश्वास, हातमा सीप र निरन्तरको प्रयासले मानिस सफल हुन्छ भन्ने प्रमाणित आलेले गर्नुभएको छ। विसं २०६८ सालमा सब ओभरसियरको पढाइ उत्तीर्ण गर्ने बित्तिकै आलेले व्यावसायिक रुपमा बाख्रापालनमा सुरु गर्नुभएको थियो। बुबाले परम्परागत रुपमा बाख्रापालन गर्दै आएकामा आलेलाई त्यसलाई व्यावसायिकमा रुपान्तरण गर्नुभएको थियो।

सब ओभरसियर उत्तीर्ण भएपछि जागिर नखाएर किन पशुपालनतर्फ लागेको भन्दै गाउँलेले भन्ने गरेको स्मरण गर्दै आले सम्भिनुहुन्छ, "मैले गाउँमै बसेर पशुपालनमार्फत् गाउँलाई नमूना बनाउँछु भन्ने अठोट लिएर यसतर्फ अगाडि बढे।" बाख्रापालनका लागि आधुनिक बाख्रा खोर निर्माण गरिएको छ। अन्न फल्ने खेतबारीमा बाख्राका लागि घाँसखेती गर्दा कमैले मात्रै उत्प्रेरणा प्रदान गरे पनि उहाँले आफ्नो कर्म कहिल्यै छाड्नुभएन। फलस्वरुप उहाँ अहिले जिल्लाकै नमूना बाख्रापालक कृषकको रुपमा परिचित हुन सफल हुनुभएको छ।

आलेले बाख्रापालनका लागि १५ हजारभन्दा बढी घाँसका बिरुवा रोप्नुभएको छ। "पहिला-पहिला त गाउँमा बसेर के पशुपालन गरेको विदेश जाउ पनि भन्थे तर अहिले मेरो सफलता देखेर अन्य मानिसले समेत हौसला दिने गरेका छन्", उहाँ खुसी हुँदै भन्नुहुन्छ। साना किसान लघुवित्तमार्फत दश महिना इजरायल बसेर फर्किनुभएका आलेले पशुपालनको क्षेत्रमा थप कुरा सिक्ने अवसर पाएको उल्लेख गर्नुभयो। आले भन्नुहुन्छ, "इजरायलमा बस्दा कृषिको बारेमा धेरै कुरा सिक्न पाएँ। पानीको अभावमा पनि इजरायलमा राम्रो खेती भएको रहेछ। हाम्रोमा त प्राकृतिक रुपमा नै पानी प्रशस्त छ त्यसलाई सदुपयोग गर्नसके धेरै काम गर्न सकिन्छ।" साना किसान सहकारीबाटै आलेले के ही दिन अगाडि मात्रै रु एक लाख बराबरको पुरस्कार प्राप्त गर्नुभएको छ। उहाँ जिल्लाबाट पनि उत्कृष्ट बाख्रापालक कृषकको रुपमा पुरस्कृत भइसक्नुभएको छ। भिमाद नगरपालिका-९ का वडासदस्य रहनुभएका आलेले बाख्रापालनबाटै नाम र दाम कमाएको उल्लेख गर्नुभयो। "मलाई बाख्रापालनबाटै जिल्ला र देशभरि चिन्छन्", आलेले भन्नुभयो। पाथर्दीका हरेक घरधुरी बाख्रापालन व्यवसायमा आबद्ध छन्। यहाँका ६० घरधुरीले बाख्रापालनबाट आम्दानी गरिरहेका छन्। दिलमाया थापा, लुमाया थापा, देवी मोक्तान आले, नरमाया थापा, श्रीमाया आले, खेमबहादुर थापा, टकबहादुर थापा लगायत व्यावसायिक बाख्रापालनमा आबद्ध हुनुहुन्छ। परम्परागत रुपमा मात्रै बाख्रापालन गर्दै आएका यहाँका कृषकले २०७१ सालदेखि व्यावसायिक रुपमा बाख्रापालन गर्दै आउनुभएको छ। यहाँका कृषकले घटीमा १० र बढीमा ७० बाख्रा पालिरहनुभएको छ। यहाँका कृषकको आम्दानीको स्रोत नै बाख्रापालन बनेको छ। बाख्रापालनमा युवादेखि वृद्धसम्मको आकर्षण बढेको छ।

परम्परागत रुपमा बाख्रा पाल्दै आउनुभएका श्रीमाया आलेले व्यावसायिक बाख्रापालनका लागि लाखौं खर्चिएर सुधारिएको खोर निर्माण गर्नुभएको छ। आलेले रु १२ लाखको लागतमा सुधारिएको खोर निर्माण गर्नुभएको छ। उक्त खोरमा बाख्राका लागि खेल्ने छुट्टै ठाउँ बनाइएको छ। खोरमा दाना खुवाउन, पाठापाठी राख्न, बोका राख्न र सुत्केरी माउ राख्न छुट्टाछुट्टै ठाउँ बनाइएको छ। बाख्रापालनका लागि आलेले १५ रोपनी क्षेत्रफलमा घाँस खेती गर्नुभएको छ। किम्बु, भटमासे, इन्दु, मेन्दोला, इपिलइपिल, बकाइनो, बडहर, टाँकी र भुईघाँसमा सुम्बा सेटारिया, सियो फोर, सियो थ्री र मोलाटो जातका घाँस खेती गरिएको आलेले बताउनुभयो।

बाख्रापालन आम्दानीको मुख्य स्रोत बनेको बाख्रापालक कृषक नरमाया थापा बताउनुहुन्छ। थापाले भन्नुभयो, "पहिला-पहिला बाख्रा पालेर पैसा कमाउनुपर्छ भन्ने ज्ञान नै थिएन। मकैमा हाल्न मलको लागि मात्रै बाख्रा पाल्थ्यौं।" निर्वाहमुखी रुपमा मात्रै गरिने बाख्रापालनले आम्दानी नहुने थाहा पाएपछि व्यावसायिक रुपमा नै बाख्रापालनलाई अगाडि बढाइएको उहाँले बताउनुभयो।

उहाँले २६ वटा बोयर जातको बाख्रा पाल्नुभएको छ। बाख्रालाई खुवाउनका लागि किम्बु, भटमासे, इन्दु, मेन्दोला, इपिलइपिल, बकाइनो, बडहर, टाकी र भुईघाँसमा सुम्बा सेटारिया, सियो फोर, सियो थ्री र मोलाटो जातका घाँस खेती गरिएको छ। बाख्रापालनबाट वार्षिक चार लाखभन्दा बढी आम्दानी हुने गरेको छ। पाथर्दीलाई बाख्रापालनको नमूना गाउँ बनाउने लक्ष्य राखिएको छ। पाथर्दीलाई बोयर जातको बाख्राको स्रोत केन्द्र बनाउने लक्ष्य राखिएको वडाध्यक्ष इमान थापाले बताउनुभयो। "पर्यटन र पशुपालनलाई जोडेर यस ठाउँको विकास गर्न लागेका छौं", उहाँले भन्नुभयो। तनहुँमा पशुपालनतर्फ कृषकको आकर्षण बढ्दो छ। यहाँका भौगोलिक अवस्थित र हावापानीको विविधता एवं विशिष्टिताले गर्दा बाख्रापालनका लागि सम्भावना रहेको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँका प्रमुख डा बालकुमार श्रेष्ठ बताउनुहुन्छ। "बाख्रापालनबाट आम्दानी हुन थालेपछि कृषकको यसप्रति आकर्षण बढ्दो छ, परम्परागत रुपमा बाख्रा पालिरहेकाले पनि व्यावसायिक बनाएका छन्", डा श्रेष्ठ भन्नुहुन्छ।

आर्थिक वर्ष २०७७/७८ मा बाख्राको सङ्ख्या ३८ हजार सात सय ३७ रहेकामा २०७८/७९ मा ३९ हजार चार सय ३४ पुगेको छ। आर्थिक वर्ष २०७७/७८ मा तीन सय १० बाख्राफार्म रहेकामा २०७८/७९ मा ३१ नयाँ बाख्रा फार्म थपिएको केन्द्रले जनाएको छ। केन्द्रले कृषकलाई बाख्रापालनतर्फ आकर्षित गराउने उद्देश्यले अनुदानका साथै प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ।

# पर्वत अस्पतालमा डेङ्गु परीक्षण गर्न कीटको अभाव

पोखरापत्र संवाददाता

पर्वत, १४ असोज

पर्वतमा दिन प्रतिदिन डेङ्गु सङ्क्रमणका बिरामीको सङ्ख्या बढ्दै गएको छ। गत साउनदेखि बिरामीको सङ्ख्या बढ्दै जाँदा पर्वत अस्पतालमा भने कीट अभाव भएको छ।

अस्पतालमा कीट अभाव हुँदा डेङ्गुका लक्षण देखिएका बिरामी महँगो शुल्क तिरेर निजी अस्पताल तथा पोखरा र बागलुङ जान बाध्य भएका छन्। पर्वत अस्पतालकी मेडिकल सुपरिटेन्डेन्ट डा रुक्मिना अधिकारीले आफूहरूले नै खरिद गरेर ल्याएको दुई सय कीट परीक्षणको क्रममा सकिएकाले अहिले कीट नभएको बताउनुभयो। "अस्पताल विकास समितिबाट निर्णय गराएर हामी आफैँले कीट खरिद गरेर परीक्षण गर्दै आएका थियौँ। हामीले ल्याएको दुई सय कीट सकिएपछि फेरि दुई सय कीट माग गरेका छौँ", उहाँले भन्नुभयो, "अन्य अस्पतालमा जुन दरमा डेङ्गुको परीक्षण भइरहेको छ त्यसरी नै सेवा दिने भनेर एक जनाको परीक्षणको रु आठ सय मात्र लिएका छौँ। माग गरेको कीट आएपछि परीक्षणमा समस्या हुँदैन।" कीट आइपुग्न अझै केही दिन लाग्ने उहाँले बताउनुभयो। सरकारले निःशुल्क परीक्षण गनेडेङ्गु पर्वतका बिरामीले सरकारी अस्पतालमै पनि महँगो शुल्क तिरेर परीक्षण गर्न बाध्य भएका हुन्। उहाँका अनुसार केही समय पहिलेसम्म अस्पताललाई आवश्यक पर्ने का सामग्री प्रदेशबाट जिल्ला स्वास्थ्य कार्यालयलाई दिएर, स्वास्थ्य कार्यालयले जिल्ला अस्पतालसहित जिल्लाका अन्य ठाउँमा रहेका स्वास्थ्य संस्थालाई उपलब्ध गराउने गरेको थियो तर अहिले त्यो नियम परिवर्तन गरेर स्वास्थ्यले वितरण नगरी प्रदेश आपूर्तिले प्रदेश ल्याबलाई र प्रदेश ल्याबले जिल्लामा रहेका अस्पताललाई सामग्री उपलब्ध गराउने नियम छ। यही नियमका कारण स्वास्थ्य कार्यालयले अस्पताललाई परीक्षण कीट उपलब्ध गराउन नसकेको स्वास्थ्य कार्यालय पर्वतका निमित्त कार्यालय प्रमुख सन्तोष पौडेलले जानकारी दिनुभयो। अहिले डेङ्गुको प्रभाव बढ्दै गइरहेको बेलामा नागरिकले पाउने स्वास्थ्यसम्बन्धी अधिकार सुनिश्चित हुनुपर्ने उहाँको भनाइ छ। स्वास्थ्य सामग्री स्वास्थ्य कार्यालयमा नआउने भएकाले माथिबाट आउँछ कि आउँदैन भनेर पर्खिएर बस्नुभन्दा जिल्लाका सबै स्थानीय तहहरूले नै नागरिकको आधारभूत स्वास्थ्यको जिम्मेवारी लिनुपर्ने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "केन्द्र र प्रदेश सरकारबाट कीट सप्लाई होला र अनि जाँचेर उपचार सुरु गरौँला भनेर नबस्न उहाँको सुझाव छ।

परीक्षण कीट ठूलो परिमाणमा किन्नुपर्ने भएकाले प्रदेश स्वास्थ्य मन्त्रालयको आपूर्ति महाशाखा टेन्डरको प्रक्रियामा जानुपर्ने र यही बेलामा आर्थिक वर्ष परिवर्तनपछिको समय रहेकाले अलि अभाव रहेको कुरा आफूले बुझेको अस्पताल विकास समितिका अध्यक्ष शङ्कर गिरीले बताउनुभयो तर माथिबाट कीट नआएको बहानामा बिरामीलाई निजी वा जिल्ला बाहिरका महँगा अस्पतालमा जान बाध्य नपार्नका लागि फरक शीर्षकको रकमबाट कीट ल्याएर भए पनि काम चलाइएको उहाँको भनाइ छ।

"बिरामीलाई समस्या हुनु त भएन नि भनेर अस्पताल आफैंले खरिद गरेर कीट ल्याएको छ। त्यो कीटको खर्च हामीले बिरामीसँगबाट लिने गरेका छौँ। हामीले एक जनाको परीक्षणमा रु आठ सय लिएका छौँ, यो बिमाले दिने दर हो", अध्यक्ष गिरीले भन्नुभयो, "डेङ्गु होइन भनेर छुट्याउन बिरामी पोखराकै निजी अस्पतालमा जानुपर्ने अवस्था आयो, जसको खर्च धेरै आउँछ। यसैले केही रकमलाई सारेर कीट ल्याएका छौँ। अब प्रदेश प्रयोगशालाले दिन थालेपछि हामीले खरिद गर्नुपर्दैन र बिरामीले पनि त्यो रु आठ सय तिर्नु पर्दैन। प्रयोगशालाले नदिने बेलासम्म हामीलाई निकै कठिन भइरहेको छ।" जिल्ला अस्पतालले रु आठ सयमा डेङ्गुको परीक्षण गरिरहेको बेलामा बजारमा रहेका निजी स्वास्थ्य संस्थाले भने रु एक हजार दुई सय वा त्यसभन्दा बढी रकम लिने गरेका छन्। एकै प्रकारको कीटबाट परीक्षण गरेको भए पनि मूल्य भने कमतीमा पनि पर्वत अस्पतालको भन्दा रु चार सयभन्दा बढी लिने गरेको परीक्षणमा गएका बताउँछन्।

सुपरिन्टेन्डेन्ट डा अधिकारीका अनुसार अहिलेसम्म अस्पताल परीक्षणमा आएकामध्ये ३५ मा डेङ्गुको सङ्क्रमण पुष्टि भएको छ। निजी तथा जिल्लाका अन्य क्षेत्रमा रहेका स्वास्थ्य संस्थामा भएको पुष्टिको तथ्याङ्क अस्पतालसँग नहुने भएकाले डेङ्गुका बिरामीको वास्तविक सङ्ख्या धेरै रहेको हुनसक्ने उहाँले बताउनुभयो।

# महाकवि देवकोटाको कविकुञ्ज परिणत भयो सङ्ग्रहालयमा

रासस

काठमाडौं, १४ असोज

महाकवि लक्ष्मीप्रसाद देवकोटाले जीवनका महत्वपूर्ण १० वर्ष बिताएको काठमाडौं महानगरपालिका-३० मैतीदेवीस्थित कविकुञ्ज सङ्ग्रहालयमा परिणत भएको छ।

करिब एक रोपनी एक दाम जग्गासहितको चार तले घर निर्माण गरी नेपाल प्रज्ञा प्रतिष्ठानले कविकुञ्जलाई सङ्ग्रहालयका रूपमा स्थापित गरेको हो। महाकवि देवकोटाको जीर्ण भइसकेको घर भत्काएर पुरानै स्वरूपमा भवन बनाएर सङ्ग्रहालय बनाइएको हो। निर्माण लागत रु सात करोड ११ लाख लागेको प्रतिष्ठानले जनाएको छ। सङ्ग्रहालयमा महाकवि देवकोटाको पोशाक, पाण्डुलिपिसहित प्रकाशन भएका कृतिलगायत चिजबिज सङ्ग्रह गरिएको छ। महाकवि देवकोटाका चिजबिज हुने लाई प्रतिष्ठानमा बुझाउन पनि आह्वान गरिएको छ। चिजबिज दिनेकै नाममा अभिलेख राखिने जनाइएको छ।

सङ्ग्रहालय उद्घाटन गर्नुहुँदै प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले विसं २०१६ सालमा हराएका महाकवि देवकोटालाई आज उहाँकै कविकुञ्जमा फेला पारिएको बताउनुभयो। साहित्यिक व्यक्तिका नाममा प्रतिष्ठानले बनाएको यो पहिलो सङ्ग्रहालय हो। विश्वमा प्रतिभाका निवासलाई तिनका स्मृतिमा सङ्ग्रहालय बनाउने गरिएको छ। "विसं २०१६ देखि महाकविको निवासलाई सङ्ग्रहालय बनाउनुपर्ने आवाज आज सार्थक भएको छ, यो साहित्यिक क्षेत्रको पवित्र तीर्थस्थल बनेको छ, यसलाई राष्ट्रिय सम्पदाका रूपमा विकास गरिन्छ, यसका बारेमा नकारात्मक टिप्पणी गर्नेले पनि निर्माणमा महत्वपूर्ण योगदान दिएको रूपमा हामीले लिएका छौँ", उहाँले भन्नुभयो।

सङ्ग्रहालय व्यवस्थापनका लागि प्रतिष्ठानले पाँच जना कर्मचारी खटाएको जानकारी पनि कार्यक्रममा कुलपति उप्रेतीले दिनुभयो। सङ्ग्रहालय दसैँ बिदा सकिएपछि असोज २३ गतेदेखि सर्वसाधारणका लागि खुला गरिने छ। एक वर्षसम्म सङ्ग्रहालय प्रवेश शुल्क नलिने नीति पनि प्रतिष्ठानले लिएको छ। कार्यक्रममा प्रतिष्ठानका पूर्वकुलपति बैरागी काइँलाले चीनमा साहित्यकार लुसुनको सङ्ग्रहालय देखेर आफूले पनि साहित्यिक व्यक्तित्वका नाममा यस्ता स्थल निर्माण हुनुपर्ने भनी राखेको सोच आज पूरा भएको बताउनुभयो। सरकारले महाकविको घर प्रतिष्ठानलाई जिम्मा दिएकामा अब त्यसको संरक्षण हुनुपर्ने उहाँले बताउनुभयो। महाकविको घर समग्र नेपालीका लागि समर्पण भएको पूर्वकुलपति काइँलाको भनाइ थियो।

महानगरपालिका वडा नं ३० का अध्यक्ष दलबहादुर कार्कीले अस्तव्यस्त रहेको महाकविको कविकुञ्ज सङ्ग्रहालयमा परिणत हुँदा खुसी लागेको बताउनुभयो। अमूल्य काम भएकामा अब यसको संरक्षणमा पनि सबैको सहयोग रहनुपर्ने उहाँले सुनाउनुभयो। कार्यक्रममा प्रतिष्ठानका सदस्य सचिव प्रा जगत्प्रसाद उपाध्याय, प्रा डा पार्थिवेश्वर तिमल्सिना, महाकवि मार्ग टोल सुधार समितिका अध्यक्ष नरेन्द्रबहादुर श्रेष्ठ, महाकवि देवकोटाकी छोरी अम्बिकादेवी देवकोटा रिमाल, महाकविकी पनातिनी मञ्जिला अनिल, प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य डा देवी नेपाललगायतले महाकवि देवकोटाले नेपाली साहित्यमा पुऱ्याउनुभएको योगदानका बारेमा चर्चा गर्नुभएको थियो। सङ्ग्रहालय शुभारम्भसँगै परिसरमा महाकवि देवकोटाको पूर्ण कदको सालिक पनि अनावरण भएको छ। सङ्ग्रहालयभित्र महाकवि देवकोटा श्रव्यदृश्य कक्ष पनि स्थापना गरिएको छ। माथिल्लो तलामा सभाकक्ष राखिएको जानकारी पनि सो अवसरमा गराइयो। सङ्ग्रहालय निर्माणका लागि महत्वपूर्ण योगदान गर्नेलाई सो अवसरमा सम्मान पनि गरिएको थियो।

# कवादी खोलामा साढे तीन करोडमा पक्की पुल

पोखरापत्र संवाददाता

दमौली, १४ असोज

तनहुँको व्यास नगरपालिका-९ हुँदै भानुका विभिन्न ठाउँ जाने सर्वसाधारणलाई बर्खामा कवादी खोला तर्न समस्या थियो। हिउँदमा सामान्य रहे पनि बर्खामा कवादी खोलाले रुप परिवर्तन गर्थ्यो।

सङ्घीय सरकारको भौतिक पूर्वाधार मन्त्रालयमार्फत कवादीखोलामा पक्की पुल निर्माण भएपछि यस भेगका जनतालाई राहत हुने भएको छ। विसं २०७३ माघमा ठेक्का सुरु भई अलपत्र बनेको पक्की पुल केही दिनअघि मात्रै सम्पन्न भएको हो।

विसं २०७३ देखि अलपत्र परेको उक्त पुल तनहुँ क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि कृष्णकुमार श्रेष्ठको सक्रियतामा सम्पन्न भएको हो। उक्त पुलको ठेक्का हिरा एन्ड नमिता कन्स्ट्रक्सनले पाएको थियो। ३१.५ मिटर लम्बाइ र ८.५ मिटर चौडाइ रहेको पुल रु तीन करोड ५६ लाखको लागतमा सम्पन्न भएको हो। "अलपत्र पुलको काम सम्पन्न गर्न २०७८ साल माघदेखि म आफैं फिल्डमा खटिएको थियो, काम सम्पन्न गराउन पाउँदा खुसी लागेको छ," पूर्व श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीसमेत रहनुभएका श्रेष्ठका स्वकीय सचिव जगत खड्काले भन्नुभयो। पुल अलपत्र हुँदा यस भेगको जनताले पटक-पटक श्रेष्ठको ध्यानाकर्षण गराएका थिए। यस्तै प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास कार्यालय तनहुँमार्फत चारवटा पक्की पुल निर्माण सम्पन्न भएको छ। आव ०७८/७९ मा रु १६ करोडको लागतमा चारवटा पक्की पुल निर्माण सम्पन्न भएका हुन्। विभिन्न मितिमा निर्माण सुरु भएका उक्त पुल आर्थिक वर्ष ०७८/७९ मा निर्माण सम्पन्न भएको कार्यालयले जनाएको छ। कार्यालयले रिस्तीखोला मोटरेबल पुल सोतीबैंसी, बुडुवाखोला मोटरेबल पुल, फेदीखोला मोटरेबल पुल र रिस्तीखोला मोटरेबल पुल बगुवा निर्माण सम्पन्न गरेको कार्यालयका सूचना अधिकारी एवं धनमाया मिश्रले जानकारी दिनुभयो। फेदीखोला मोटरेबल पुल रु चार करोड २८ लाख ३२ हजार, बुडुवा खोला पुल रु दुई करोड नौ लाख, रिस्ती बगुवाखोला पुल रु चार करोड २५ लाख र रिस्ती सोतीबैंसीको पुल रु चार करोड ७१ लाख ३६ हजारको लागतमा सम्पन्न भएको हो।

फेदी खोलामा २५ मिटर, बुडुवा खोलामा १९ दशमलव ८ मिटर, रिस्ती बगुवा ५२ मिटर र सोतीबैंसीमा ४१ मिटर लामो स्पान टाइपको मोटरेबल पुल निर्माण भएको मिश्रले जानकारी दिनुभयो। उक्त आर्थिक वर्षमा सातवटा पुल सम्पन्न गर्ने लक्ष्य राखिए पनि जेठ र असारमा वर्षाका कारण काम गर्न कठिनाइ भएपछि तीनवटा पुल निर्माण सम्पन्न हुन नसकेको उहाँले बताउनुभयो।

"सातवटा पुल सम्पन्न हुन्छ भन्ने लक्ष्य थियो, तर तीनवटा पुलको काममा ढिलाइ भयो, चारवटा मात्रै सम्पन्न भएको छ", उहाँले भन्नुभयो। करिब रु एघार करोडको लागतमा निर्माण कार्य सम्पन्न हुने तीन पुलहरु अन्तिम चरणमा पुगेको छ। ज्वालाखोला मोटरेबल पुल रु तीन करोड २१ लाख, द्रौपद खोला मोटरेबल पुल रु तीन करोड ८३ लाख र बरखोला पुल रु तीन करोड ३६ लाखको लागतमा निर्माण भइरहेको कार्यालयले जनाएको छ।